# 11. सबैले परमेश्वरको नियमहरूको अवज्ञा गर्छन्। (रोमी 3:9-18), (भाग-2)

## All Disobey God's Laws 2 (Romans 3:9-18)

**जडान गर्नुहोस्**

- तपाईं आज केको लागि आभारी हुनुहुन्छ?
- गत हप्ता तपाईंले आफ्नो जीवनमा परमेश्वरले कसरी काम गरेको देख्नुभएको छ?
- तपाईंले जीवनमा कस्ता कठिनाइहरू अनुभव गरिरहनुभएको छ? हामी कसरी मद्दत गर्न सक्छौं?
- तपाईंले पछिल्लो सत्रको खोजलाई कसरी लागू गर्नुभयो? के भयो?
- तपाईंले पछिल्लो सत्रको खोज कसलाई साझा गर्नुभयो? उनीहरुको प्रतिक्रिया के थियो ?

**निर्देशन:**

तलका खण्डहरूमा परमेश्वरको सत्यताको खोजलाई मार्गदर्शन गर्न कृपया निम्न चरणहरू प्रयोग गर्नुहोस्। समूह दिशानिर्देशहरू समीक्षा गर्न आवश्यक छ।

**पत्ता लगाउनुहोस्**

**चरण 1**- सहभागीहरूले खण्डको खण्डहरू पालैपालो पढ्छन् (नयाँ शब्दहरू/सर्तहरू स्पष्ट गर्नुहोस्)

**चरण 2**- एक जनाले पूरै खण्ड ठूलो स्वरमा पढ्छन् जबकि बाँकी सुन्छन्।

**चरण 3**- एक सहभागीले खण्डलाई आफ्नै शब्दमा पुन: बताउँछन् (अरूले आफ्ना विचारहरू थप्छन्)

**सबैले परमेश्वरको नियमहरूको अवज्ञा गर्छन्। (रोमी 3:9-18), (भाग-2)**

9 यसकारण हामी यहूदीहरू के अन्य मानिसहरू भन्दा श्रेष्ट छौं? होइन, कदापि छैनौं। हामीले पहिल्यै
भनिसकेका छौं कि यहूदीहरू र गै-यहूदीहरू सबै समानरूपले पापको शक्ति मुनि छौं। 10 धर्मशास्त्रले
भन्दछ, "त्यहाँ पापरहित मानिस कोही छैनन्। एउटै पनि छैनन्! 11 त्यहाँ कोही बुझ्झकी मानिस छैनन्।
त्यहाँ परमेश्वरको खोजी गर्ने एकैजना पनि छैन। 12 सबैले परमेश्वरपट्टि पीठ फर्काएका छन्, अनि सबै
बेकम्मा भएका छन्। असल कर्म गर्ने कोही छैन। एकैजना पनि छैन।" 13 "मानिसहरूका मुख खुल्ला
चिहानहरू जस्ता छन्। तिनीहरू आफ्ना जिब्रोले अरूलाई धोका दिंदछन्।" "तिनीहरूले जुन कुराहरू
भन्दछन् ती सर्पका विष जस्ता हुँदछन्।" 14 "तिनीहरूका मुखहरू श्राप र तीतोपनले भरिपूर्ण छन्।" 15
"तिनीहरूका खुट्टा हत्या गर्नमा छीटो कुद्दछन्। 16 जता-जता तिनीहरू जान्छन् त्यहाँ सर्वनाश र विपत्ति
ल्याउँदछन्। 17 तिनीहरू शान्तिको बाटो जान्दैनन्।" 18 "तिनीहरूमा परमेश्वरको डर र सम्मान छैन।"

---

(नेपाली बाइबल: पढ्न सजिलो संस्करण। प्रतिलिपि अधिकार © 2004, 2010 बाइबल लीग इन्टरनेशनल । सबै अधिकार सुरक्षित छन्।)

**सोध्नुहोस्/उत्तर:**

• यो खण्डको अर्थ के हो?

• यो खण्डमा तपाईलाई के मनपर्छ/मनपर्दैन?

**जवाफ दिनु : यदि यो सत्य हो भने...**

• यसले तपाईंको जीवन शैली कसरी परिवर्तन गर्नुपर्छ?

• तपाई आजको खोज कसलाई साझा गर्नुहुनेछ?

• खण्डले तपाईंले परमेश्वर/मानिसहरूलाई हेर्ने तरिकालाई कसरी परिवर्तन गर्छ?

**बन्द गर्नुहोस्**

• समूह फेरि कहिले भेट्ने निर्णय गर्नुहोस्।

• प्रार्थनामा बन्द गर्नुहोस्। (माथि उल्लेखित आवश्यकताहरूको लागि)

(अनुवादक: कृशान्त रौनियार। हाम्रो प्रभु येशूको नाममा जयमशी)